# बारा जिल्ला अदालत

## वार्ता द्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मिति २०७३/१०/२८**

बिभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आहवान गरी मिति २०७३।१०/०३ मा प्रथमपटक र मिति २०७३।१०।२०मा दोस्रोपटक सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मिति सम्ममा कोही कसैले पनि लिलाममा चढेका उक्त सवारी साधनहरु लिलाम सकार गर्न नआएकोले उक्त सवारी साधनहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क को उपनियम (१०) र ऐ. को नियम ९०ख को उपनियम (५) अनुसार कानुनले तोकेका बिभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ता द्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

| सि.नं. | जिन्सी नं. | मुद्दा नं. | सामानको विवरण | मोडेल/ईन्जिन नं./ च्यासिस नं. | संख्या | न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १ | ११० | बा.१.प१८९४ नं.को टाटा मोवाईल | - | १ | रु ३२,०००।- | पत्रु |
| २. | १ | ११० | बि.आर.०५बि०५५२ नं.को राजदुत मोटर साईकल | - | १ | रु २,०००।- | पत्रु |
| ३. | १ | ११० | बि.आर.०५बि९९१३ नं.को मोटर साईकल | - | १ | रु २,०००।- | पत्रु |
| ४. | ११ | १५६ | बा१८प २०५२ नं.को मोटर साईकल | - | १ | रु २,५००।- | पत्रु |
| ५. | १६ | १७३ | ना३प २२२८ नं. को मोटरसाईकल | - | १ | रु २,५००।- | पत्रु |
| ६. | ५२ | १८७ | बा ३१ प ७९७९ को मोटरसाईकल | - | १ | रु २,५००।- | पत्रु |
| ७. | ५२ | १८७ | ना.५ प ८९९५ को मोटरसाईकल | - | १ | रु २,०००।- | पत्रु |
| ८. | ११४ | ०६९-CR-००४२ | ना.५प ८७७ नं. को मोटरसाईकल | - | १ | रु २,०००।- | पत्रु |
| ९. | १२५ | ०६९-CR-००६९ | ना.२२.प २०१४ नं. को मोटरसाईकल | मो. PRIDN of HTD (2011)<br>इ.नं. 154FMIA1000332<br>चे.नं. LHJGJJ2628BL00004 | १ | रु ३०,०००।- | दर्ता हुने |

तहसिलदार

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | १४२ | ०६९-CR-०१४२ | ना.१२.प १५१० नं. को मोटरसाईकल | मो. SHINE (2009)<br>इ.नं. JC368951884<br>चे.नं. ME4JC366G98299037 | १ | रु २२,०००।- | दर्ता हुने |
| ११. | १०२ | २९३ | आर एन १५ मोटर साईकल | इ.नं. 1CK1017587<br>चे.नं. ME11CK013C2017577 | १ | रु ८१,०००।- | दर्ता हुने |
| १२. | १८४ | ०७१-CR-००४७ | ग.१.प.९५३०को मोटर साईकल | - | १ | रु १,५००।- | पत्रु |
| १३. | ७४ | १६१ | बि.आर.३०/८९८९ नं.को टाटा सूमो | - | १ | रु ३०,०००।- | पत्रु |
| १४. | १३० | ०६९-CR-००९२५ | ना.९.प २८३७ नं. को मोटरसाईकल | मो. Gladiator (2008)<br>इ.नं. 35B1005620<br>चे.नं. ME135B01382005928 | १ | रु २०,०००।- | दर्ता हुने |

१. वार्ता द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७३ साल फाल्गुन ५ गते दिउसो २.०० बजे देखि ३.०० बजे सम्म यस अदालतको तहसिल शाखा ।

२. वार्तमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७३।११।०५ गते दिउसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाई वार्तामा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ ।

३. निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मुल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बिच लिलाम बढाबढको प्रक्रिया अपनाईने छ । सो प्रक्रियामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाइएका उक्त जिन्सी सामानहरु बिक्री गरिने छ ।

५. वार्ता (लिलाम) मा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । वार्ता (लिलाम) सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ ।

६. दर्ता नामसारी गराउदा प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर वा शुल्क डाक सकार गर्ने स्वयम् ले व्यहोर्नु पर्नेछ ।

७. अन्य कुराहरु यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलित कानुन बमोजिम हुने छ ।

८. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

२०७३।१०।२८

तहसिलदार

तहसिलदार
रा.प. तृतीय